# गोरखा-बुढीगण्डकी बाढी: खोज, उद्धार तथा राहत प्रतिकार्य

## स्थिति प्रतिवेदन # ०३

मितिः २०८३ असोज २७ साँझ १०:०० बजे सम्म

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा गोरखाको बुढीगण्डकी बाढीबाट सिर्जित अवस्थाको खोज, उद्धार तथा राहत व्यवस्थापनका क्रममा भएका प्रतिकार्यहरु समेटिएका छन्।

## स्थिति विवरण (प्राविधिक प्रतिवेदन अनुसार)






मिति २०८३/०६/२५ गते बिहान करिब ०४:२० बजे चुमनुब्री गाउँपालिका-६ स्थित उड्दिलुङ खोला (चामर हिमाल र स्येराङ्गी हिमाल) बीचको ठाडो खोलाको उच्च हिमाली क्षेत्रमा रहेको Tibetan Tethys Himalaya मा पाइने तुलनात्मक रुपमा कमजोर चट्टानबाट, करिब ६,००० मिटरको उचाइमा हिमपहिरो तथा करिब ५,५०० मिटरको उचाइमा रहेको Glacier (हिउँ तथा गेग्रान) सहितको ठूलो पहिरो सिर्जना भएको देखिन्छ।

उक्त ठूलो पहिरो सिर्जना हुनुअघि तथा त्यसपछि समेत सो क्षेत्रमा केही स-साना पहिरोहरु गएको देखिन्छ। हिउँ, पानी तथा गेग्रान मिश्रित उक्त पहिरो उड्दिलुङ खोला सिरानबाट दक्षिणतर्फ बगेको र उक्त ठाडो खोलाको दुवै किनारातर्फ करिब ३०० मिटर माथिसम्म बग्दै करिब २,००० मिटरको उचाइमा रहेको उड्दिलुङ खोला र स्यार खोलाको साघुरो दोभानमा धेरै मात्रामा एकै पटक गेग्रान जम्मा हुदाँ स्यार खोलाको पानीको बहाव अवरुद्ध हुने र खुल्ने प्रक्रिया भएको देखिन्छ। यस्तो नदीको बहाव थुनिने र खुल्ने प्रक्रिया स्यार खोला र बुढीगण्डकी नदीको दोभानमा समेत भएको हुनसक्छ। यसका कारण तल्लो क्षेत्रमा रहेको बुढीगण्डकी नदीमा पटक-पटक बाढी आएको देखिन्छ। तथापि, बाढीको सतह सिर्जना हुनुमा स्यार खोला थुनिएर जम्मा भएको पानीभन्दा उड्दिलुङ खोलाबाट आएको ठूलो परिमाणको गेग्रानको भूमिका उल्लेखनीय रहेको देखिन्छ।

उक्त घटनाका कारण लेदो सहितको बाढी पहिलोपटक करिब ०४:३० बजे सल्लेरी पुगेको र उक्त बाढीको सबैभन्दा ठूलो सतह, करिब २०-२५ मिटर, सल्लेरीमा रहेको हाईड्रोपावर क्याम्पमा पुगी करिब ०६:३० बजे बगाएको। उक्त सबैभन्दा ठूलो बाढीको सतहका कारण तल्लो क्षेत्रमा, विशेषगरी जगतमा केही भवनहरु तथा सोती खोला र बुढीगण्डकीमा रहेका पक्की पुल लगायतका संरचनामा मुख्य क्षति पुगेको देखिन्छ।






नोट : सल्लेरीमा TIMES ENERGY PVT.LTD द्वारा जडान गरिएको रिभर गेजमा उक्त दिन विहान ४:३० बजे सम्म मापन गरिएको बाढीको सतह। उक्त गज ४:३० बजे पछी सोहि बाढीबाट क्षती भएको।

उक्त बाढीको सबैभन्दा ठूलो सतह आउनुभन्दा करिब एक घण्टाअघि स्यार खोलाको बहाव रोकिएको र फिल्ड अवलोकन अनुसार स्यार खोलाको माथिल्लो क्षेत्रमा करिब १.५ कि.मि. सम्म पानी जम्मा भएको देखिएको छ। उक्त ठूलो बाढीको सतह पश्चात् समेत यसभन्दा साना अन्य बाढीका सतहहरु आएको देखिन्छ।

अन्य बाढीको तुलनामा यस घटनाबाट आएको बाढीमा बालुवा तथा साना-ठूला ढुङ्गाको तुलनामा माटोको मात्रा बढी रहेको देखिन्छ। माटोको मात्रा बढी भएकै कारण उक्त प्रवाहमा बिस्तारै बहने प्रकारको प्रवाह (viscous mud flow) को विशेषता देखिएको छ। यसको प्रमुख कारण घटनाको उद्गमस्थलमा पाइने पत्रे चट्टान तथा गेग्रानमा माटोको मात्रा तुलनात्मक रुपमा बढी हुनु रहेको देखिन्छ। खानी तथा भूगर्भ विभागको प्रारम्भिक आकलनअनुसार उक्त पहिरोका कारण करिब ३.५ Magnitude भूकम्प बराबरको शक्ति उत्पन्न भएको देखिन्छ।

## खोज तथा उद्धारका कार्यहरु

(क) हालसम्म खोज तथा उद्धारमा खट्टिएको फौज : नेपाली सेनाबाट १७१ जना, नेपाल प्रहरीबाट २४० जना र सशस्त्र प्रहरी बल, नेपालबाट ३८९ जना गरी कुल ८०० जना सुरक्षाकर्मी फिल्डमा परिचालित।

(ख) हालसम्म नेपाली सेनाको जम्मा ५ वटा हवाई साधन परिचालन भएको।

(ग) हालसम्म ४ पुरुष र २ महिला गरी जम्मा ६ जना व्यक्तिहरु सम्पर्क बिहिन रहेको।

(घ) हालसम्मर ४५७ जना स्वदेशी र ५१ जना विदेशी गरी कुल ५०८ जना मानिसको उद्धार भइसकेको छ।

## हवाई उडान संख्या (सर्टिज)

| सि.नं. | मिति | हवाई उडान संख्या |
|---|---|---|
| १ | २०८३ आश्विन २५ गते | ८८ |
| २ | २०८३ आश्विन २६ गते | ६८ |
| ३ | २०८३ आश्विन २७ गते | ५२ |
| | जम्मा | २०८ |



## हवाई साधनद्धारा ईन्धन तथा राहत सामग्री ढुवानी

| मिति | हवाई साधन | सर्टिज | स्थान | ढुवानी गरिएको सामग्री | परिमाण | जम्मा परिमाण |
|---|---|---|---|---|---|---|
| आश्विन २६ गते | BELL (NA-065) | ६८ | फिलिम-सल्लेरी | खाद्यान्न सामग्री | २५० के.जी. | ४,८६० के.जी. |
| | | | आरुघाट-अर्मला | | १२० के.जी. | |
| | | | फिलिम-हुलचुक | | १२० के.जी. | |
| | MI-17 (NA-038) | | काठमाडौं-फिलिम | | ४,३७० के.जी. | |
| | AGUSTA (NA-058) | | काठमाडौं-फिलिम | हवाई इन्धन | ९०० लि. | १,९०० लि. |
| | | | काठमाडौं-आरुघाट | | १,००० लि. | |
| आश्विन २७ गते | | ५२ | | खाद्यान्न सामग्री | ४,४५० के.जी. | ४,४५० के.जी |
| | | | | हवाई इन्धन/डिजेल | २,४६० लि. | २,४६० लि. |

## बाढीका कारण भएको क्षतिको हालसम्म प्राप्त विवरण

| २ पक्की पुल | ५ झोलुङ्गे पुल | १ बेलीब्रिज | १ क्यानटिलिभर पुल | ३ जलविद्युत | १ विद्यालय | १४०-१५० पशु चौपाया बगाएको |
|---|---|---|---|---|---|---|

## घर क्षति र जोखिम

| क्र.सं. | गाउँपालिका | स्थान | घर बगेका | घर पुरिएका | जोखिममा | बाढी पसेका | अन्य क्षति |
|---|---|---|---|---|---|---|---|
| १ | चुमनुब्री-३ | सिर्दिबास | १ | | | १ | |
| | | सल्लेरी | ७-८ | | २०-२२ | | |
| | | घट्टेखोला | ४ | | | १ | |
| | | पैंयुम | | ३६ | | | |
| | | बगर | | ५-६ | | | |
| २ | धार्चे-१ | यारुबगर | | | | | १२ |
| | | दोभान | | | | | ७ |
| ३ | धार्चे-५ | माछीखोला | | | | १० | |
| ४ | धार्चे-३ | तातोपानी | २ | | | १ | |
| ५ | आरुघाट-३ | सोती | १ | १९ | | १४-१५ | |
| ६ | आरुघाट-५ | शान्ति बजार | | ४४ | | | |
| ७ | त्रिपुरासुन्दरी-२ (धादिङ) | विशालनगर | | | | करिब ६५ | |





## बुढी गण्डकी बाढी पिडितका लागी गोरखा पठाईएका राहत सामग्रीहरुको विवरण

| सि.नं. | विवरण | ईकाई | २५ गते | २६ गते | २७ गते | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | टेन्ट | थान | ११० | ४० | | १५० |
| २ | त्रिपाल | थान | ११० | ४० | | १५० |
| ३ | म्याट्रेस | थान | ४५५ | ५० | | ५०५ |
| ४ | ब्याङ्केट | थान | ४४० | | | ४४० |
| ५ | स्लिपिङ ब्याग | थान | ३८० | | | ३८० |
| ६ | सोलार लाईट | थान | १७५ | | | १७५ |
| ७ | किचेन सेट | सेट | ११० | | | ११० |
| ८ | 1 KVA जेनेरेटर | थान | ८ | | | ८ |
| ९ | 5 KVA जेनेरेटर | थान | २ | | | २ |
| १० | ज्याकेट | थान | २५० | | | २५० |
| ११ | Hygiene Kit | Box | ८० | ६६ | | १४६ |
| १२ | Food Basket | Box | २१० | २४० | २४० | ६९० |
| १३ | Baby Basket | Box | २५ | | | २५ |
| १४ | Royal Bag (2 yrs) | Bag | २५ | २५ | १० | ६० |
| १५ | Royal Bag (2-5 yrs) | Bag | २५ | २५ | १० | ६० |
| १६ | चामल | बोरा | | २२४ | | २२४ |
| १७ | नुन | केजी | | १०० | | १०० |
| १८ | सोयबिन मसौरा | केजी | | ४० | | ४० |

*Food Basket: (पिठो ५ केजी, चामल ५ केजी, केराउ ३ केजी, चिनी २ केजी, दाल ३ केजी, चिउरा १/२ केजी, नुन १ केजी, मिक्स मसला १/२ केजी, तेल ३ लि)

## बुढी गण्डकी बाढी पिडितका लागी धादिङ पठाईएका राहत सामग्रीहरुको विवरण

| सि.नं. | विवरण | ईकाई | २५ गते | २६ गते | २७ गते | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | टेन्ट | थान | | ५८ | | ५८ |
| २ | त्रिपाल | थान | ६० | | | ६० |
| ३ | म्याट्रेस | थान | १८० | | | १८० |
| ४ | ब्याङ्केट | थान | १८० | ६० | | २४० |
| ५ | किचेन सेट | थान | ६० | | | ६० |
| ६ | ज्याकेट | थान | १२० | ४२० | | ५४० |
| ७ | चप्पल | जोर | | १३७ | | १३७ |
| ८ | जुत्ता | जोर | | १२६ | | १२६ |
| ९ | Solar light | थान | | ६४ | | ६४ |
| १० | Hygiene Kit | Box | | ५८ | | ५८ |
| ११ | Dignity Kit | Box | | ६० | | ६० |
| १२ | बाल्टिन र मग | थान | | ५८ | | ५८ |
| १३ | Royal Bag (2 yrs) | Bag | १० | | ५ | १५ |

| सि.नं. | विवरण | ईकाई | २५ गते | २६ गते | २७ गते | जम्मा |
|---|---|---|---|---|---|---|
| १४ | Royal Bag (2-5 yrs) | Bag | १० | | ५ | १५ |
| १५ | Food Basket | Box | ६० | | १२० | १८० |
| १६ | चामल | बोरा | | ४६ | | ४६ |
| १७ | चिउरा | बोरा | | १० | | १० |
| १८ | बिस्कुट | कार्टुन | | ६० | | ६० |
| १९ | चाउचाउ | कार्टुन | | ६० | | ६० |

*Food Basket: (पिठो ५ केजी, चामल ५ केजी, केराउ ३ केजी, चिनी २ केजी, दाल ३ केजी, चिउरा १/२ केजी, नुन १ केजी, मिक्स मसला १/२ केजी, तेल ३ लि)

## बुढी गण्डकी बाढी पिडितका लागि २०८३।०६।२६ गते (MI Heli २ वटा मार्फत) गोरखा (फिलिम) पठाईएका राहत सामग्रीहरुको विवरण

| सि.नं. | विवरण | ईकाई | संख्या |
|---|---|---|---|
| १ | टेन्ट (Winterization) | सेट | १५ |
| २ | टेन्ट (Chinese) | set | १४ |
| ३ | त्रिपाल | Pcs | १६ |
| ४ | म्याट्रेस | थान | ४० |
| ५ | ब्याङ्केट | थान | ३० |
| ६ | स्लिपिङ ब्याग | थान | ५२ |
| ७ | सिरानी | थान | १५ |
| ८ | ज्याकेट | थान | ६९ |
| ९ | सोलार लाईट | थान | ४१ |
| १० | Power Bank | थान | १० |
| ११ | Food Basket | Box | १४ |
| १२ | Fortified Biscuit | Box | ३ |
| १३ | Mixed Food | Box | १५० |
| १४ | चामल | बोरा | १६ |
| १५ | soyabean | Kg | १५ |
| १६ | नुन | Kg | ५० |
| १७ | दाल | Kg | ५० |
| १८ | Royal Bag | Bag | १६ |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

पोष्ट बक्स नं. २१३२१३
NEOC टोल फ्री: ११३४
टेलिफोन: ०१-४२११५३५, ०१-४२११११७, ०१-१४२११४६७
इमेल: info@bipad.gov.np, ndrrma@gmail.com
वेब लिङ्क: www.ndrrma.gov.np